नेपाल सरकार

# श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

## प्रधानमन्त्री रोजगार कार्यक्रम

सिंहदरबार, काठमाण्डौं, नेपाल
फोन नं. : ०१-४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http:/pmep.gov.np

प.सं. २०७९/८०
च.नं./pmep/ ५२१

मितिः २०८०।०१।१९

**बिषयः स्थानीय तहबाट एकिकृत श्रम तथा रोजगार सेवा प्रवाह र नमूना रोजगार सेवा केन्द्र संचालन सम्बन्धी अन्तरक्रिया कार्यक्रममा सहभागिता सम्बन्धमा।**

**श्रीमान् प्रमुखज्यूहरु,**

धनकुटा, तेह्रथुम, भोजपुर तथा संखुवासभा जिल्ला स्थित स्थानीय तहहरु **(सवै)** ।

प्रस्तुत विषयमा नेपालको संविधानले व्यवस्था गरेको रोजगारीको हक कार्यान्वयन गर्न प्राथमिकता प्राप्त कार्यक्रमको रुपमा लागू गरिएको प्रधानमन्त्री रोजगार कार्यक्रम नेपालका सवै स्थानीय तहमा संचालन भएको व्यहोरा अवगत नै छ।साथै हरेक स्थानीय तहमा रहेका रोजगार सेवा केन्द्रलाई एकिकृत रोजगार सेवा तथा सुविधा प्रदान गर्ने गरी आन्तरिक रोजगारी प्रवर्द्धन र उत्पादनशील रोजगारी सिर्जना गर्नु पर्ने समेत आवश्यकता बोध भएको सन्दर्भमा श्रमिकको सीप तथा क्षमता अभिबृद्धि, बेरोजगार व्यक्तिहरुलाई रोजगार विनिमय सेवा प्रदान गर्ने, आन्तरिक र वैदेशिक रोजगारीमा संलग्न हुन अभिमूखिकरण तथा सूचना प्रवाह गर्ने र अन्य क्षेत्र तथा निकायसंग समन्वय र सहकार्य गरी रोजगार सेवा केन्द्र मार्फत श्रम सम्बन्धि सवै कार्यहरु संचालन गर्ने सम्भावना पहिचान गर्ने उद्देश्य प्राप्तिका लागि तहाँ समेतका स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीसँग **स्थानीय तहबाट एकिकृत श्रम तथा रोजगार सेवा प्रवाह र नमूना रोजगार सेवा केन्द्र संचालन** विषयमा देहायको मिति, समय र स्थानमा मन्त्रालयको तर्फबाट अन्तर्क्रिया कार्यकम तय गरिएकोले **नगरप्रमुखज्यू, उपप्रमुखज्यू र प्रमुख प्रशासकिय अधिकृतज्यू** को उपस्थितिका लागि सादर अनुरोध गर्दछु।

पुनश्चः कार्यक्रममा सहभागिता हुने महानुभावहरुको लागि यातायात खर्चको व्यवस्था रहेको व्यहोरा अनुरोध छ।

**कार्यक्रमको मिति, समय र स्थान**

कार्यक्रमको मितिः २०८०/०२/०१ गते (सोमबार)
समयः बिहानको ८:०० बजे
स्थानः Horizon Mountain Resort, Hile, Dhankuta।

८०।१।१९

(गुरुदत्त सुवेदी)
उप सचिव